# प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

हेटौंडा, मकवानपुर।


प.सं.: ०७९/८०

च.नं.

मिति:२०८०।०३।११

विषय: प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशको वार्षिक कार्यक्रम अनुसार मिति २०८०।०३।११ गते बिहान ११:०० बजे नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौंको लेखनाथ हलमा **'नेपाली भाषाको उचित प्रयोग र शुद्ध लेखनशैली'** विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो। नेपालको संविधानको धारा ७ मा देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ भन्ने व्यवस्थालाई सम्मान प्रकट गर्दै प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशले नेपालको निजामती सेवाका सहायक चौथो र पाँचौं तथा अधिकृतस्तर छैठौं, सातौं र आठौं तहका पाठ्यक्रममा नेपाली भाषा शुद्ध लेखनशैली राखिएको छ। यसै सन्दर्भमा प्राविधिक सेवातर्फका अधिकृतका लागि तीन अङ्क र प्रशासन सेवाको अधिकृतको लागि दश अङ्कसम्मको अङ्क भार राखी प्रश्न सोधिने गरिएको छ भने प्राविधिक सेवातर्फका सहायक पदका लागि चार अङ्क र प्रशासन सेवाको लागि छ अङ्कसम्मको अङ्कभार राखिएको छ। नेपाली भाषा शुद्ध लेखनशैली प्रदेश लोक सेवा आयोगको इतिहासमा पहिलो पटक पाठ्यक्रममा राखिएको हो जसबाट नेपालको निजामती सेवाका कर्मचारी चिठी पत्र, प्रतिवेदनलगायतका नेपाली भाषामा लेख्नु पर्ने लिखत लेख्दा शुद्ध हिसाबले लेख्न सकियोस् भन्ने अभिप्राय हो। आयोगले लिने परीक्षाको पाठ्यक्रम र परीक्षामा यो विषय समावेश भएपछि केही संवेदनशील भई जागरुकता ल्याएको छ। नेपाली बृहत् शब्दकोश र प्रज्ञा नेपाली बृहत् शब्दकोशलाई आधिकारिक मानेर उत्तरपुस्तिका परीक्षण गर्ने गरिन्छ। तर यदाकदा उक्त शब्दकोशमा पनि द्विविधा उत्पन्न हुने शब्दहरू देखिन्छन्। त्यसैलाई चिरफार गर्न यो अन्तरक्रिया गोष्ठीको आयोजना गरिएको हो।

उक्त कार्यक्रमको अध्यक्षता प्रदेश लोक सेवा आयोगका अध्यक्ष सुरेश मान श्रेष्ठले गर्नु भएको थियो भने कार्यक्रमको उद्घाटन नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भुपाल राईले गर्नु भएको थियो। उक्त कार्यक्रममा लोक सेवा आयोगका सचिव श्री राज कुमार श्रेष्ठ, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशका प्रमुख सचिव मुकुन्द प्रसाद निरौला, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षण विभाग प्रमुख प्रा. डा. श्री खगेन्द्रप्रसाद लुइटेल, प्रा. डा. लक्ष्मण प्रसाद गौतम,

उपप्राध्यापक डा. श्री प्रेम प्रसाद चौलागाईँ, भाषाविद् प्रा. डा. महादेव अवस्थी र प्रा. डा. देवी प्रसाद गौतम, नेपाल प्रतिष्ठानका सदस्यहरू डा. मधुसुदन गिरी, डा. कौशिला रिसाल, डा. वालकृष्ण अधिकारी, डा. विष्णु ज्ञवाली र सदस्य सचिव डा. धन प्रसाद सुवेदी, प्रदेश मन्त्रालय एवम् आयोगका प्रतिनिधि, रा. स. स. र गोरखापत्र संस्थानका प्रतिनिधि, प्रदेश लोक सेवा आयोगका कर्मचारीहरू, अन्य इच्छुक व्यक्ति लगायत ५० जना भन्दा बढीको उपस्थिति रहेको थियो। उक्त अन्तरक्रिया कार्यक्रमको शुभारम्भ गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति श्री भुपाल राईले प्रदेश लोक सेवा आयोगद्वारा आयोजित यस किसिमको कार्यक्रमको प्रशंसा गर्दै यसबाट नेपाली भाषाको विकासमा ठूलो योगदान पुगेको विचार व्यक्त गर्नुभयो। नेपाली भाषाको उचित प्रयोग आजको आवश्यकता हो भन्दै उहाँले नेपाली शब्दकोष परिमार्जनको काम सुरु भएको बताउनु भयो। साथै उहाँले भाषा लेखनमा देखिएको विकृति अन्त्य गर्न आवश्यक भएको र त्यसमा प्रतिष्ठान सबैको साथ लिएर अगाडि बढ्न तयार रहेको विचार व्यक्त गर्नुभयो। लोक सेवा आयोगका सचिव श्री राज कुमार श्रेष्ठले भाषामा शुद्धता ल्याउन विद्यालय शिक्षा र पाठ्यक्रममा नै सुधार ल्याउनु पर्ने बताउनु भयो। बागमती प्रदेश सरकारका प्रमुख सचिव श्री मुकुन्द प्रसाद निरौलाले नेपालीमा अङ्ग्रेजी मिसाएर बोल्ने र सरकारी निकायमै उदासीनताको प्रवृत्तिले भाषा प्रयोगमा स्खलन आएको आफूले अनुभव गरेको विचार व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय शिक्षण विभाग प्रमुख तथा मानक नेपाली भाषा अभियान अन्तर्राष्ट्रिय सञ्जालका अध्यक्ष प्रा. डा. श्री खगेन्द्रप्रसाद लुइटेलले भाषा बिगार्ने र त्यसमा मजा लिने ठूलै जमात रहेकाले शुद्ध लेखनमा समस्या आएको बताउनु भयो। उहाँले भाषा लेखनमा शुद्धता ल्याउन मानक नेपाली वर्णविन्यासको विकास गरिएको र अन्तर्राष्ट्रिय रूपमै सञ्जालीकरण समेत गरिएको विचार व्यक्त गर्नुभयो। अर्का कार्यपत्र प्रस्तोता उपप्राध्यापक डा. प्रेम प्रसाद चौलागाईँले विभिन्न सार्वजनिक निकाय र राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशित लिखत एवम् समाचारहरूमा देखिएका अशुद्ध लेखनका विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै यस्ता विकृतिहरूप्रति सबै संवेदनशील हुनुपर्ने कुरामा जोड दिनुभयो। आयोगका अध्यक्ष श्री सुरेश मान श्रेष्ठले प्रदेश लोक सेवा आयोगले कार्यसम्पादनका सिलसिलामा प्रज्ञा नेपाली बृहत् शब्दकोशमा उल्लेख भएका र द्विविधा उत्पन्न भएका शब्दहरूमा भाषागत अस्पष्टताका केही उदाहरणहरू प्रस्तुत गर्दै भाषा विज्ञहरूलाई उक्त विषयमा स्पष्ट पारिदिन आग्रह गर्नुभएको थियो।

कार्यक्रमा प्रस्तुत भएका कार्यपत्र उपर टिप्पणी गर्दै प्रा.डा. महादेव अवस्थीले भाषागत शुद्धतामा ध्यान दिन खासगरी वर्णविन्यास, पदक्रम र पदसङ्गतिमा जोड दिनुभयो। प्रशासन र कानून नेपाली भाषा समृद्ध भएको क्षेत्र भएतापनि अझै पनि सुधारको गुञ्जायस रहेको कुरा उहाँले बताउनु भयो। अर्का टिप्पणीकार प्रा.डा. देवी प्रसाद गौतमले भाषागत शुद्धताका लागि शब्दको मूलधातु, प्रत्यय,

टेलिफोनः ०५७-५९०६१३, ५९०६१४, ५९०६१५, ई-मेलः info.ppsc@bagamati.gov.np,
वेब साइटः ppsc.bagamati.gov.np

शब्द योजन, विग्रह, परम्परागत लोक प्रचलनलाई ख्याल गर्नुपर्ने कुरामा जोड दिनु भयो। कार्यक्रममा सहभागी विभिन्न भाषाविद्हरूले लोक सेवा आयोगले पाठ्यक्रममा नेपाली भाषाको अङ्कभार बढाउनु पर्ने र वस्तुगतमात्र नभई विषयगत प्रश्नसमेत सोधिनु पर्नेमा जोड दिनुभएको थियो। उक्त कार्यक्रममा आयोगका सदस्य श्री शर्मिला नेउपानेले सहभागीहरूको स्वागत गर्नु भएको थियो भने आयोगका उपसचिव माधवप्रसाद अधिकारीले कार्यक्रमको अन्त्यमा सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो। प्रदेश लोक सेवा आयोगका सचिव श्री बाबुराम ज्ञवालीले सञ्चालन गर्नु भएको उक्त कार्यक्रम करिब पाँच घण्टासम्म चलेको थियो।

अन्तरक्रिया कार्यक्रमबाट प्रदेश लोक सेवा आयोग अत्यन्तै उत्साहित भएको र कार्यक्रममा प्राप्त सुझावहरूलाई कार्यान्वयनमा लैजाने प्रतिबद्धता समेत व्यक्त गर्दछ। प्रदेश लोक सेवा आयोगको आमन्त्रणलाई स्वीकार गरी कार्यक्रममा उपस्थित भै आफ्ना विचार व्यक्त गर्ने, कार्यपत्र प्रस्तुत गर्ने तथा टिप्पणी गर्ने भाषाविज्ञहरू, पदाधिकारीहरू लगायत उपस्थित सम्पूर्ण महानुभावहरूमा प्रदेश लोक सेवा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

२०८०।३।११

राजु राज अर्याल

प्रवक्ता